

चित्र नं. ३: लालीगुराँसको चरनमा भिरमौरी।
स्रोत: Surendra Raj Joshi

४. निजि तथा गैरसरकारी संस्थाहरु

- भिर मौरीको तथ्यांक अद्यावधिक गर्ने, भीर मौरीको स्वभाब र बासस्थान माथि अध्ययन अनुसन्धान गरी संरक्षणमा सहयोग गर्ने।
- मह शिकारी समुदायको सशक्तीकरण, क्षमता विकास तथा सुरक्षित मह सङ्कलन प्रविधिको हस्तान्तरणमा सहयोग गर्ने।
- भिर मौरीमा आधारित प्रकृति तथा सांस्कृतिक पर्यटनको दिगो मोडेल विकास गरी लागु गर्ने।
- नीति निर्माण र चेतना अभिबृद्धि तथा संरक्षणसम्बन्धी वकालत गर्ने।
- गुणस्तर परीक्षण, प्रमाणीकरण, ब्रान्डिङ तथा बजार प्रवर्द्धन मार्फत भिर मौरीको महको मूल्य अभिवृद्धिमा सहयोग गर्ने।

चित्र नं. ४: मह शिकारी। स्रोत: Medicinal Mad Honey

सन्दर्भ सामग्री:

Joshi, S. (2026). Guidelines for Sustainable Harvesting of Himalayan Cliff Bee Honey. DRAFT for Review. UNIDO/GMAP.

Kitnya N, Prabhudev MV, Bhatta CP, Pham TH, Nidup T, Megu K, Chakravorty J, Brockmann A, Otis GW. (2020). "Geographical distribution of the giant honey bee Apis laboriosa Smith, 1871 (Hymenoptera, Apidae)." ZooKeys 951:67.

Thapa, R., Shrestha, T.K. & Subedee, S. (2025). Native Bees and their conservation. Proceeding of the National Plant Protection Workshop, 2025 (pp. 102-116).

कृषि विकास मन्त्रालय (२०७३). मौरी प्रवर्धन नीति।

कृषि विकास मन्त्रालय (२०७४). नेपाल असल मौरीपालन अभ्यास कार्यन्वयन निर्देशिका।

तयारकर्ता

होम बहादुर वि.क, प्रमुख
सुरक्षा सुवेदी, बाली संरक्षण अधिकृत
मौरी विकास केन्द्र, गोदावरी

सम्पादक

डा. सुरेन्द्र राज जोशी, मौरी विज्ञ काठमाडौँ

प्रकाशक
नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
कृषि विभाग
व्यावसायिक कीट विकास केन्द्र
मौरी विकास केन्द्र
गोदावरी, ललितपुर
फोन नः : +९७७-१-५१७४१३८/५१७४०५२
इमेलः bgodawari@gmail.com/ info@apidc.gov.np
वेबसाइटः apidc.gov.np

भिर मौरीको महत्व र संरक्षणका उपायहरु

परिचय

नेपालमा पाइने एपिस मौरीका पाँच प्रजातिहरु (आयातित समेत) मध्ये भिर मौरी (*Apis laboriosa* Smith 1871) विश्वकै सबैभन्दा ठुलो प्रजाति हो। भिर मौरी मध्य पहाड तथा उच्च पहाडको ठुला भिर चट्टान र पहराहरुमा गोला बनाएर बस्ने गर्दछ। सामान्यतया समुद्री सतहबाट १२०० मिटर भन्दा माथिको उचाइमा पाइने भिर मौरी चरनका लागि ४२०० मिटरसम्म पुग्ने गर्दछ।

भिर मौरीले उच्च पहाडी क्षेत्रका कृषि बाली र जंगली जडिबुटी एवं बनस्पतिको परागसेचन गरी खाद्य सुरक्षा र जैविक विविधता संरक्षणमा महत्वपूर्ण योगदान पुर्याएको छ। वर्षायाममा यो मौरी लालीगुराँस (विशेषगरी सेतो लालीगुराँस)को फूल चरनमा जाने भएकाले यसको महमा ग्रयानोटक्सिन (Grayanotoxin) नामक प्राकृतिक रसायन पाइन्छ, जसका कारण भिर मौरीको मह मात लाग्ने किसिमको हुन्छ। त्यसैले भिर मौरीको महलाई 'म्याड हनी (mad honey)' पनि भनिन्छ।

भिर मौरी पाकिस्तान, भारत, नेपाल, भुटान, म्यानमार र भियतनाममा मात्र पाइने दुर्लभ प्रजाति हो। (चित्र नं १) नेपालमा यो पूर्वको ताप्लेजुङदेखि पश्चिमको दार्चुलासम्मका अधिकांश हिमाली तथा उच्च पहाडी जिल्लाहरूमा पाइन्छ। लमजुङ, कास्की, म्याग्दी लगायतका जिल्लाहरु मह शिकारका लागि विशेष रूपमा परिचित छन्।

भिर मौरीको मह शिकार नेपालको राई, गुरुङ्ग, मगर र दलित एबं खस समुदायको सांस्कृतिक परम्परासँग जोडिएको छ। धेरै स्थानमा बर्षको दुई पटक विशेष पुजासहित उत्सवका रुपमा महको शिकार गर्ने गरेको पाइन्छ।

नेपालको परिस्थितिक प्रणाली, संस्कृति तथा अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्‍याए पनि पछिल्ला वर्षहरूमा भिर मौरी विभिन्न चुनौतीहरूको सामना गरिरहेको छ। अवैज्ञानिक र अनुपयुक्त मह

संकलनका अभ्यासहरु (निरन्तर एकै स्थानबाट मह संकलन गर्ने र मह काढ्दा सम्पूर्ण चाका नष्ट गर्ने), रोग तथा शत्रुजीवको प्रकोप, जलवायु परिवर्तन तथा मौसम परिवर्तन, वन डढेलो, ठुला सडक निर्माण तथा जलविद्युतका आयोजनाद्वारा मौरीको बासस्थानमा ह्रास हुदै जानाले पछिल्लो वर्षहरुमा बासस्थान स्थानान्तरण एवं निरन्तर मौरीगोला संख्या घट्दै गएको अवस्था छ ।

महको प्रमाणीकरण तथा निर्यातका लागि आवश्यक पूर्वाधार र बैज्ञानिक अनुसन्धानको अभावले उत्पादित महले उच्च मुल्यको अन्तराष्ट्रिय बजारहरुमा पहुँच पाउन सकेको छैन ।त्यसैले सरकारी, गैहसरकारी, सामुदायिक तथा निजी क्षेत्र सबैले भिर मौरीको संरक्षण, संवर्द्धन गर्दै पर्यावरण सन्तुलन, संस्कृति संरक्षण र आयआर्जनमा टेवा पुऱ्याउन सहयोगसिद्ध हुने हेतु यो लिफलेट तयार गरिएको छ ।

चित्र नं १: भिरमौरीको विश्वव्यापी वितरण । स्रोतः Kitnya et al. (2020)

भिर मौरी संरक्षणका उपायहरु

- भिर मौरीको मह शिकार गर्ने समुदायले समूहमा संगठित भइ सम्बद्ध सरकारी निकायमा दर्ता गराई मात्र मह शिकार गर्ने ।
- भिर मौरीको आश्रय स्थलको वरीपरिका वनक्षेत्रमा, सामुदायिक तथा निजि वनमा र खाली बाँझो भेगमा भिर मौरीले विचरण गर्ने चरनका बोटबिरुवा हुर्काइ चरन विस्तारका क्रियाकलाप गर्ने ।
- एकै स्थानबाट बारम्बार मह नकाढ्ने । मौरीलाई पुनःस्थापित हुन पर्याप्त समय दिने ।
- भखरै बसेका साना गोलाको मह सङ्कलन नगरी बचाउने ।
- मौरी भगाउन गोलामा सोझै आगो झोस्ने वा रसायनिक विषादी छर्कने कार्य नगर्ने ।
- वन डढेलो र मौरीको बासस्थानको विनाश कम गर्न रिचार्ज पोखरी निर्माण र अग्नि नियन्त्रण रेखाहरुको व्यवस्थापन गर्ने ।
- सडक तथा जलविद्युत निर्माणको क्रममा हुने विष्फोटले भिर मौरीको बासस्थानलाई प्रतिकुल असर पर्ने हुँदा उचित वातावरणीय प्रभाव मूल्यांकन संचालन गर्ने ।
- स्थानीय समुदायसँग साझेदारीमा संरक्षणका कार्यक्रमहरु संचालन गर्ने ।
- भिर मौरी लगायतका नेपालका रैथाने मौरीका प्रजातीहरुको संरक्षणका महत्वबारे विद्यालय र विश्वबिद्यालयमा पाठ्यक्रम समावेश गर्ने ।
- भिर मौरीको मह सङ्कलनको लागि आचारसंहिता तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

भिर मौरी संरक्षणमा विभिन्न सरोकारवाला निकायहरुको भूमिका

भीर मौरीको दिगो संरक्षणमा विभिन्न सरोकारवाला निकायहरु जोडिएका छन् जसले आ-आफ्नो तवरले निम्नबमोजिमका कार्यहरु गर्नुपर्ने देखिन्छ ।

१. संघिय सरकार

- परम्परागत मह शिकारी, कृषक समुदाय तथा मह व्यापारीहरुका लागि सचेतना कार्यक्रम तथा अभिमुखीकरण सञ्चालन गर्ने ।
- मौरी प्रवर्धन नीति, २०७३ र असल मौरीपालन अभ्यास कार्यन्वयन निर्देशिका, २०७४ को प्रभावकारी कार्यान्वयन गर्ने ।
- भिर मौरीको मह सङ्कलनको लागि आचारसंहिताको तर्जुमा र कार्यान्वयन गर्ने,
- वन बृक्षारोपण कार्यक्रममा कम्तिमा २५% मौरी चरनका विरुवाहरु समावेश गर्ने ।
- वन डढेलो र मौरीको बासस्थानको विनाश कम गर्न रिचार्ज पोखरी निर्माण र अग्नि नियन्त्रण रेखाहरुको व्यवस्थापन गर्ने ।
- मह शिकारीहरुका लागि सुरक्षा र उद्धारसम्बन्धी तालिमको व्यवस्था गर्ने ।
- सडक, जलविद्युत तथा अन्य पूर्वाधार आयोजनाहरूमा भिर मौरीको बासस्थान संरक्षणलाई वातावरणीय प्रभाव मूल्यांकनको अभिन्न भाग बनाउने ।
- भिर मौरीको मह काढ्ने परम्परालाई सांस्कृतिक तथा पर्यटकीय सम्पदाका रूपमा प्रवर्द्धन गर्ने ।
- भिर मौरी लगायतका नेपालका रैथाने मौरीका प्रजातीहरुको संरक्षणका महत्वबारे विद्यालय र विश्वबिद्यालयमा पाठ्यक्रम समावेश गर्ने ।
- महको गुणस्तर सम्बन्धी अनुसन्धानलाई प्रोत्साहन गर्ने ।
- भिर मौरीको महलाई भौगोलिक संकेत (GI) प्रदान गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा विशिष्ट पहिचान स्थापित गर्ने ।

२. स्थानीय पालिका

- गाउँपालिका तथा नगरपालिकाको मौरी चरनपात्रो तयारी गर्ने ।
- मह शिकारीहरूलाई व्यक्तिगत सुरक्षा सामग्री (घुम्टी, सुरक्षा हार्नेस, डोरी, पञ्जा र बलियो जुत्ता आदि) उपलब्ध गराउन सहयोग गर्ने ।
- रासायनिक विषादीको प्रयोगलाई कम गर्ने कार्यक्रमहरु गर्ने ।
- मह सङ्कलन हुने स्थानहरूको अभिलेखीकरण गरी एउटै स्थानमा अत्यधिक दबाब पर्न नदिने व्यवस्था मिलाउने ।
- स्थानीय स्तरमा संरक्षण, अनुसन्धान र पर्यटन प्रवर्द्धनका पहलहरूलाई सहयोग गर्ने ।

३. मह शिकारी समुदाय

- एकै स्थानबाट बारम्बार मह नकाढ्ने ।
- एउटा भिरमा भएका सबै मौरीगोलालाई नोक्सान नगर्ने ।
- मह सङ्कलन गर्दा मौरीको प्रजनन प्रक्रियामा न्यूनतम असर पर्ने गरी मह काढ्ने ।
- संरक्षणसम्बन्धी स्थानीय नियम तथा आचारसंहिताको पालना गर्ने ।

चित्र न. २: भिरमौरीका गोलाहरू । स्रोत: Medicinal Mad Honey